## पुनर्वास नगरपालिकाको
## विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन,२०७६

**नगरसभाबाट पारित मितिः-२०७६/ १२ /०५**

पुनर्वास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## पुनर्वास,कञ्चनपुर
## सुदूरपश्चिम प्रदेश,नेपाल
## २०७३

# पुनर्वास नगरपालिकाको विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७६

कार्यपालिकाबाट पारित **२०७६/१२/२०**

**प्रस्तावना**

पुनर्वास नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद्‌बाट सर्वसाधारणको जीउधन र सार्वजनिक,निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचानाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सवै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा कर्यान्वयनका गर्नका लागि कानून बनाउन बाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२१, २२६ तथा स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ले प्रदान गरेको अधिकारहरुको प्रयोग गरी पुनर्वास नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**

(१)यो ऐनको नाम ‘पुनर्वास नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७६’ रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।.

**२.परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो ऐनमा-

(क) **कोष**भन्नाले दफा १३ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनुपर्दछ ।

(ख) **गैर प्राकृतिक विपद्**भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशुपञ्छीमा हुने फ्लू, प्याण्डामिक फ्लू, सर्पदंश, ‘जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना’, आगलागी, ‘विषाक्त ग्याँस, रसायन वा विकीरण चुहावट’, ग्याँस विष्फोटन, अञ्जानमा हुने विषाक्त खाद्य सेवन, वातवरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति वा उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै प्राकृतिक बाहेकका अन्य कारणले उपत्पन्न हुने विपद् सम्झनु पर्दछ ।

(ग) **तोकिएको वा तोकिए बमोजिम** भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधिमा तोकिएको वा कानून बमोजिम तगर सभा वा नगर कार्यपालिकाले तोके बमोजिमका कुराहरुलाई सम्झनु पर्दछ ।

(घ) **नगर विपद् व्यवस्थापन समिति** भन्नाले दफा ३ बमोजिम बनेको समितिलाई सम्झनु पर्दछ ।

(ङ)**प्राकृतिक विपद भन्नाले**प्राकृतिक विपद् भन्नाले असिना, अतिबृष्टि, अनाबृष्टि, बाढी, भू-स्खलन, डुवान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, डढेलो वा यस्तै अन्य प्रकृतिजन्य कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्दछ ।

(च)**वडास्तरीय विपद् व्यवस्थापन समिति** भन्नाले दफा ६ बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

(छ)**विपद्** भन्नाले आपत्‌कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिका साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैर-प्राकृतिक विपद् सम्झनु पर्दछ।

(ज)**विपद् पुनर्लाभ**भन्नाले विपद् विपद्‌को घटना पछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनु पर्छ ।

(झ)**विपद् प्रतिकार्य** भन्नाले विपद्‌को घटना घट्नासाथ तत्काल गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्दछ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारी लाई समेत सम्झनु पर्दछ ।

(ञ)**विपद् व्यवस्थापन** भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्दछ ।

(ट)**व्यावसायिक** प्रतिष्ठानभन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्गमल, बहुउद्देश्यीय व्यापारिक भवन जस्ताव्यावसायिकप्रतिष्ठान सम्झनु पर्दछ ।

(ठ)**सार्वजनिक संस्था भन्नाले** सरकारी निकाय,सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानुन बमोजिम स्थापना भएका संङ्गठित सस्था वा सवै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्दछ ।

(ड)**सुरक्षा निकाय भन्नाले** नेपाली सेना, नेपाल प्रहरी,ससस्त्र प्रहरी बल,नेपाल, राष्ट्रिय अनुसन्धान बिभाग तथा नगर प्रहरीलाई सम्झनु पर्दछ ।

## परिच्छेद -२
## विपद् व्यवस्थापन समिति गठन तथा काम ,कर्तब्य र अधिकार

### ३.नगर विपद् व्यवस्थापन समिति

(१) नगरपालिका भित्रको विपद् न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न बढीमा १५ सदस्यीय एक नगर विपद् व्यवस्थापन समिति रहने छ, जुन संघीय ऐनको दफा १७ बमोजिम स्थानीय विपद् व्यवस्थापन समितिको रुपमा रहने छ ।

(२) समितिको गठन देहायबमोजिम हुनेछ :

| | | |
|---|---|---|
| (क) | नगरपालिका प्रमुख | - संयोजक |
| (ख) | नगर उपप्रमुख | - उप-संयोजक |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) | नगरपालिकाको विषयगत निकायका प्रतिनिधिहरु (५ जना) | - सदस्य |
| (ङ) | राष्ट्रिय स्तरका मुख्य राजनीतिक दलका नगरपालिका स्तरीय प्रतिनिधि (१ जना) | - सदस्य |
| (च) | नगरपालिका भित्रका सम्बन्धित संघीय वा प्रादेशिक सुरक्षा निकायका प्रमुख वा निजका प्रतिनिधि (१जना) | - सदस्य |
| (छ) | नेपाल रेडक्रस सोसाइटी तथा स्थानीय गैरसरकारी संस्था वा सामुदायिक संस्थाहरु मध्ये संयोजकले मनोनित गरेका एक महिला समेत (२ जना) | - सदस्य |
| (ज) | नगरस्तरीय उद्योग वाणिज्य संघको अध्यक्ष वा निजले तोकेका संघको प्रतिनिधि (१ जना) | - सदस्य |
| (झ) | स्थानीयस्तरमा उपलब्ध विपद् व्यवस्थापन सम्बन्धी विज्ञमध्ये संयोजकले मनोनयन गरेका (१ जना) | - सदस्य |
| (ञ) | नगरपालिकाको विपद् व्यवस्थापन हेर्ने शाखा प्रमुख | - सदस्य सचिव |

(३)संयोजकले आवश्यकता र उपयुक्तता अनुरुप वडा अध्यक्ष तथा सदस्यहरु,संघीय सुरक्षा निकायका थप प्रतिनिधिहरु, नगर प्रहरीका प्रमुख, नगरपालिकाभित्र कार्यरत विपद् व्यवस्थापनमा सक्रिय स्थानीय संघसंस्थाका प्रतिनिधिहरु (महिला, अपाङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिकवा सामाजिक बहिस्करणमा परेकाजाति, जनजाति वा समूहको प्रतिनिधित्व हुने गरी), सहकारी

संस्थाका प्रतिनिधिहरु, नागरिक समाजका अगुवा तथा सम्बन्धित विषयका विज्ञहरुलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम आमन्त्रित सदस्यहरुले बैठकमा संयोजककामे अनुमति लिई विचार प्रकट गर्न पाउने छन् तर तिनलाई मताधिकार हुने छैन ।

## ४.समितिको बैठकसम्बन्धी व्यवस्था

(१) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय, स्थान र छलफलका विषय-सूचि, सहितको सूचना बैठक बस्ने समयभन्दा २४ घण्टा अगावै सवै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिका ५० प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि तत्काल केही नगरेमा जोखिम वा क्षति बढ्न सक्ने लागेमा अध्यक्षले टेलिफोन वा अन्य प्रविधिको प्रयोग गरी जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र कम्तीमा १ जना सदस्यसहित सदस्य-सचिव उपस्थित भएमा समितिको बैंठक बस्न सक्नेछ ।

(५) समतिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ । निजको अनुपस्थितिमा बैठकको अध्यक्षता उप-संयोजकले गर्नेछ ।

(६) समितिको निर्णय बहुमतबाट हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिने छ ।

(७) समितिको बैठकसम्बन्धी अन्य व्यवस्था अन्यथा नतोकिएसम्मका लागि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(८) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

## ५.नगर विपद् व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार

(१) संघीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनमा उल्लिखित स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारको अधीनमा रही नगर विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) पुनर्वास नगरपालिकामा विपद्व्यवस्थापन नीति तथापूर्व तयारी एवम् प्रतिकार्य योजना तयार गरी कार्यपालिकासमक्ष पेश गर्ने;

**स्पष्टिकरण** : नगर विपद् व्यवस्थापन योजना तर्जुमा गर्दा विपद् व्यवस्थापनसम्बन्धी राष्ट्रिय परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति, योजना र कार्यक्रम अनुरुप हुने गरी तयार गरिने छ ।

(ख)स्वीकृत नीति तथा योजना अनुसार कार्यक्रम बनाई वा तोकेबमोजिमस्थानीय तटबन्ध निर्माण, नदी पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापनलगायतकाविपद् जोखिम न्यूनीकरण, विपद् पूर्व तयारी, विपद् पुर्व सूचना प्राणाली विकास, खोज,उद्धार तथासमन्वय,राहत सामाग्रीको पुर्व भण्डारण,बितरण र समन्वय लगायत विपद् प्रतिकार्य, पुनर्स्थापना तथा पुनर्निर्माण कार्यक्रम कार्यान्वयन गर्ने गराउने;

(ग) जोखिम क्षेत्रको नक्शाङ्कन तथा जोखिमयुक्त वस्तीहरुको पहिचान गर्ने र नदी किनार, बगर, पहिरो जान सक्ने भिरालो जमिन र डुवान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउन उपयुक्त स्थानको खोजी कार्यमा सहयोग गर्ने तथा सुरक्षित स्थानमा बसोबाससम्बन्धी सचेतना जगाउने;

(घ) विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा संघ,प्रदेश, जिल्लास्तरका समिति तथा निकायहरु र स्थानीय समुदाय, संघ-संस्था तथा निजि क्षेत्रसंग सहयोग,समन्वय र सहकार्य गर्ने, गराउने;

(ङ) विपद् व्यवस्थापनको सम्बन्धमा नगरपालिकाको संस्थागत क्षमता विकास गर्ने, गराउने तथा नगरपालिकाका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने;

(च) विपद्बाट प्रभावित घर परिवारको पहिचान, स्तर निर्धारण तथा परिचय पत्र वितरण गर्ने, गराउने लगायतका स्थीनयस्तरको विपद्सम्बन्धी तथ्यांक संकलन, व्यवस्थापन र अध्ययन अनुसन्धान गर्ने गराउने;

(छ) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरु तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने गरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने;

(ज)विपद्बाट स्थानीय स्तरमा निजी तथा सार्वजनिक क्षेत्रबाट भइरहेको सेवा प्रवाहमा अवरोध आइपरेमा सो सेवा निरन्तरताको योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने;

(झ) विपद् प्रतिकार्यका लागि आपतकालीन नमूना अभ्यास गर्ने, गराउने तथा नगरपालिका भित्र विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरु तयारी हालतमा राख्न लगाउने;

(ञ) विपद्को समयमा जोखिममा रहेको समूह विशेष गरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति उपर हुनसक्ने घटना (लैङ्गिक हिंसा, बेचबिखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामका लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने;

(ट) विपद् व्यवस्थापनसम्बन्धी संघीय तथा प्रादेशिक कानूनको प्रतिकूल नहुने गरी नगर कार्यपालिकाले तोकेबमोजिमका अन्य कार्य गर्ने गराउने ।

## परिच्छेद - ३
## वडास्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

### ६.वडा स्तरीय विपद् व्यवस्थापन समिति

(१)नगरपालिकाको प्रत्येक वडामा एक वडास्तरीय विपद् व्यवस्थापन समिति रहने छ ।

(२) वडास्तरीय विपद् व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ-

| | | |
|---|---|---|
| (क) | नगरपालिका का सम्वन्धित वडाध्यक्ष | - संयोजक |
| (ख) | निर्वाचित वडा सदस्यहरु (४ जना) | - सदस्य |
| (ग) | वडा भित्र रहेका विषयगत शाखा, इकाई कार्यालय प्रमुखहरु | - सदस्य |
| (घ) | वडा भित्र रहेका सुरक्षा निकायका प्रमुख (१जना) | - सदस्य |
| (ङ) | प्रमुख राष्ट्रिय मान्यता प्राप्त दलका वडास्थित प्रतिनिधि (१ जना) | - सदस्य |
| (च) | टोलस्तरीय विपद् व्यवस्थापन समिति वा टोल विकास संस्था वडा समन्वय समितिका अध्यक्ष (१ जना) | - सदस्य |
| (छ) | वडा स्तरका सहकारी लगायत निजी क्षेत्रका प्रतिनिधि (२ जना) | - सदस्य |
| (ज) | सम्बन्धित विपद् व्यवस्थापनमा अनुभवी नागरिक समाजका प्रतिनिधि वा वडामा उपलब्ध विज्ञहरुमध्येबाट (१ जना) | - सदस्य |

(झ) स्थानीय रेडक्रस सोसाइटीका प्रतिनिधि, गैरसरकारी संस्था, स्थानीय क्लब वा सामुदायिक संस्था, विद्यालय व्यवस्थापन समिति,महिला समूहहरु मध्येबाट वडा समितिले मनोनित गरेका प्रतिनिधि (४ जना) - सदस्य

(ञ) वडा कार्यालयका वडा सचिव - सदस्य सचिव

(३) खण्ड (झ) बमोजिमका सदस्यहरु छनौट गर्दासम्बन्धित कार्यमा योगदान गर्न सक्ने महिला, वालवालिका, युवा, शिक्षक तथा अपाङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक तथा सामाजिक बहिस्करणमा परेका समुदायका व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ ।

(४) वडास्तरीय विपद् व्यवस्थापन समितिका संयोजकले आवश्यक ठानेमा माथि उल्लेख गरिएका व्यक्तिहरुका अतिरिक्त थप संघसंस्थाका प्रतिनिधिहरु तथा नागरिक समाजका जानकार व्यक्तिहरुलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमका आमन्त्रित सदस्यहरुले छलफलमा संयोजकको अनुमतिले बोल्न पाए पनि मताधिकार हुने छैन ।

## ७. वडास्तरीय विपद् व्यवस्थापन समितिको बैठक

(१) समितिको बैठक वडास्तरीय विपद् व्यवस्थापन समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ ।

(२) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय, स्थान र छलफलका विषयसूचि सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सवै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिका ५० प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा एक जना सदस्य सहित सदस्य-सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(६) समितिको निर्णय बहुमतबाट हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(७) समितिको बैठकसम्बन्धी कार्यविधि अन्यथा नतोकिए सम्म समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(८) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

## ८. वडास्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार

(१) वडास्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) वडाभित्र विपद् प्रतिकार्य, विपद् पुनर्स्थापना तथा पुनर्निर्माणसम्बन्धी कार्यक्रम सञ्चालनका लागि नगर विपद् व्यवस्थापन समितिमा सिफारिश गर्ने तथा सो समितिबाट स्वीकृत नीति तथा योजना अनुरुपका विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रम कार्यान्वयन, अनुगमन र पुनरावलोकन गर्ने;

(ख) समुदायमा विपद् व्यवस्थापनसम्बन्धी काम गर्ने समूहहरुको गठन गर्ने तथा त्यस्ता समूहहरुलाई परिचालन गर्ने गराउने;

(ग) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि तयारी अवस्थामा

राख्ने र त्यसका लागि नगर विपद् व्यवस्थापन समितिसँग समन्वय गरी विपद् प्रतिकार्यका लागि आपतकालीन नमूना अभ्यास गर्ने, गराउने;

(घ) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरु तत्काल गर्नको लागि समन्वय गर्ने;

(ङ) विपद् व्यवस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता विकास गर्न पहल गर्ने तथा वडा सदस्यहरु, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य, नागरिक समाजका प्रतिनिधिलाई विपद् व्यवस्थापनसम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउने;

(च) वडामा विकास निर्माणका क्रियाकलापहरु कार्यान्वयनमा विपद् जोखिम व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने, सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु सञ्चालन गर्ने;

(छ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण लगायत विपद्सम्बन्धी तथ्याङ्क संकलन तथा तत्सम्बन्धी परिचयपत्र वितरणमा नगर विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने;

(ज) विपद्को समयमा जोखिममा रहेका समूह, विशेष गरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिहरुउपर हुन सक्ने लैङ्गिक हिंसा, बेचबिखन तथा अन्य शोषण लगायतका घटना रोकथामका लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने; र

(झ) नगर विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापनसम्बन्धी अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद - ४
## सुरक्षा निकाय तथा अन्य निकायसँगको समन्वय र सहयोग

**९. सुरक्षा निकायहरुसँगको समन्वय र सहयोग**

(१) विपद् व्यवस्थापनको काममा नेपाल सरकार तथा प्रदेश सरकारले संघीय तथा प्रादेशिक सुरक्षा निकायहरु परिचालन गरेको अवस्थामा नगर कार्यपालिकाले तिनलाई सहयोग गर्दै उनीहरुसँग समन्वय गरी विपद् व्यवस्थापनको कार्य अघि बढाउने छ ।

(२) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि नगर कार्यपालिकासँग आवश्यक सामग्री वा सहयोग माग गरेको अवस्थामा नगरपालिकामा उपलब्ध भएसम्म त्यस्तो सामग्री तथा सहयोग तत्काल उपलब्ध गराईनेछ ।

(३) विपद् प्रतिकार्यको लागि नगरपालिकाले आफूसँग रहेको नगर प्रहरी परिचालन गर्न सक्नेछ ।

**१०. अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकार**

(१)विपद्को अवस्थामा विभिन्न सेवा प्रदायक निकायहरुको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ -

(क) नगरपालिका भित्र रहेका वा अन्यत्रबाट सहयोगका लागि आउने एम्बुलेन्स, वारुणयन्त्र वा अन्य यस्तै सेवा प्रदायकले आपत्कालीन उद्धारको क्रममा तथा राहत उपलब्ध गराउँदा समितिसँगको समन्वयमा गर्नुका साथै समितिले दिएका निर्देशनहरुको पालन गर्नु पर्नेछ ।

(ख) आपत्कालीन कार्यसम्पादन गर्दा यस्ता सेवा प्रदायकहरुले समितिको निर्देशनबमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार हुनेछ । यसरी साधन स्रोत उपयोग गरेकोमा नगर कार्यपालिकाले संचालन खर्च

व्यहोर्नुका साथै त्यस्तो साधन स्रोत प्रयोग गरे बापत उपयुक्त भाडा वा क्षतिपूर्ति उपलब्ध गराउनेछ ।

**११. सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व**

(१) विपद् व्यवस्थापन सम्बन्धमा नगरपालिका भित्रका सवै सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहायबमोजिम हुनेछ-

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन आपत्कालीन निकासको व्यवस्था गर्ने र विपद् सुरक्षा औजार, उपकरण, सामग्री तथा स्रोत-साधनलाई तयारी हालतमा राख्ने;

(ख) नगरपालिकालाई तथ्याङ्क संकलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने;

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापनसम्बन्धी आधारभूत अभिमुखीकरण गर्ने, गराउने;

(घ) आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा समितिको निर्देशन अनुसार उपलब्ध गराउने;

(ङ) सम्बन्धित अधिकारीको सुपरीवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुऱ्याउने;

(च) नगर क्षेत्रमा विपद् आइलागेको अवस्थामा तत्काल नजिकको सुरक्षा निकाय, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र वा वडा समितिमा जानकारी गराउने; र

(छ) तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने वा गराउने ।

(२) नगरपालिका भित्रका सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानहरुले नगरपालिकाको विपद् व्यवस्थापनसम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजना तर्जुमा गरी लागू गर्नु पर्नेछ ।

**१२. विपद् व्यवस्थापनमा सहयोग गर्नु पर्ने**

(१) नगरपालिका भित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय संघसंस्था, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा नगरपालिकासँग समन्वय गरी देहायबमोजिम सहयोग गर्नु पर्नेछ-

(क) नगरपालिकाको तथ्याङ्क संकलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण लगायतका विपद् व्यवस्थापनसम्बन्धी कार्यमा सहयोग गर्ने;

(ख) विपद् व्यवस्थापनसम्बन्धी जनचेतना अभिबृद्धि गर्ने;

(ग) क्षमता विकास, विपद् प्रतिकार्यका लागि आपतकालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापनसम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने;

(घ) खोज, उद्धार तथा राहत वितरणसम्बन्धी कार्यमा सहयोग गर्ने; र

(ङ) तोकिएबमोजिम अन्य सहयोग गर्ने ।

## परिच्छेद - ५
## विपद् व्यवस्थापन कोषसम्बन्धी व्यवस्था

**१३. विपद् व्यवस्थापन कोष**

(१) विपद् व्यवस्थापनका लागि नगरपालिकामा एउटा छुट्टै आकस्मिक कोष रहनेछ ।

(२) कोषमा देहायबमोजिमका रकमहरु रहने छन्-

(क) नगरपालिकाको वार्षिक बजेटबाट विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम;

(ख) प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम;

(ग) नेपाल सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम;

(घ) कुनैस्वदेशीसंघ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहारस्वरुप प्राप्त रकम; र

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम

(३) विपद् व्यवस्थापनका लागि नगरपालिकाले कानून बमोजिम विशेष शुल्क वा दस्तूर संकलन गर्न सक्नेछ ।

(४) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(५) कोषको रकम विपद् व्यवस्थापनसम्बन्धी कामका लागि मात्र प्रयोग गरिनेछ ।

(६) कोषको रकम नियमित प्रशासनिक कार्यको लागि खर्च गरिने छैन ।

(७) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(८) समितिले कोषको वार्षिक आय व्ययको प्रतिवेदन तयार गरी कार्यपालिकामार्फत नगरसभा समक्ष पेश गर्नेछ ।

## परिच्छेद६
## विविध

**१४. समितिको कार्यकाल**

(१) योऐन अन्तर्गत बनाइएका समितिहरुको कार्यकाल नगर कार्यसमिति कायम रहेसम्म रहनेछ ।

(२) नगरपालिकाका निर्वाचित पदाधिकारी तथा सरकारी कर्मचारीबाहेक अन्य सदस्यहरुको कार्यकाल निजहरु सम्बन्धित कार्यालय वा संस्थाका प्रतिनिधि कायम रहे सम्मको लागि मात्र कायम रहने छ ।

(३) सम्बन्धित समितिका संयोजकले मनोनयन गरेका सदस्यहरुको पदावधि संयोजकले चाहेको अवधिसम्मको लागि मात्र हुनेछ ।

(४) आमन्त्रित प्रतिनिधिहरुले अन्यथा तोकिएकोमा बाहेक आमन्त्रण गरिएको बैठकमा मात्र उपस्थित हुन पाउनेछन् ।

**१५. विपद् संकटग्रस्त क्षेत्रको पालना र समन्वय**

(१) नेपाल सरकारले पूरै नगरपालिका वा नगरपालिका भित्रको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएबाट विपद् संकटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालन गर्नु र गराउनु नगरपालिकाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रमा नेपाल सरकारले प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन नगरपालिका भित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न गराउन नगरपालिकाले आवश्यक समन्वय गर्नेछ ।

(३) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रसम्बन्धी सूचनाको प्रसारणमा नगरपालिकाले नेपाल सरकारसँग समन्वय र सहयोग गर्नेछ ।

**१६. नेपाल सरकारको स्वीकृतिमा मात्र प्रवेश गर्नु पर्ने**

(१) विपद्बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले प्रवेश गर्न चाहेमा त्यस्ता व्यक्ति वा संस्थाले नेपाल सरकारको स्वीकृति लिएको छ कि छैन भनी नगरपालिकाले सुनिश्चित गर्ने छ ।

(२) उपदफा (१) बमोजिम सुनिश्चित गर्ने क्रममा सोधखोज गर्दा त्यस्तो विदेशी नागरिक वा संस्थाले नेपाल सरकारको स्वीकृति लिएको नपाईएमा निजको प्रवेशलाई रोक लगाई तत्सम्बन्धी सूचना अन्यथा तोकिएकोमा बाहेक संघीय मामिला हेर्ने मन्त्रालयमार्फत् नेपाल सरकारलाई उपलब्ध गराउनेछ ।

**१७. मानवीय तथा अन्य सहायता र समन्वय**

(१) नगरपालिकाभित्र उत्पन्न विपद्को अवस्थालाई तत्काल सामना गर्न आन्तरिक स्रोत र साधनबाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा नेपाल सरकारलाई र उपयुक्तता अनुसार छिमेकी गाउँ वा नगरपालिकाहरुसमक्ष अनुरोध गरिनेछ ।

(२) विपद्बाट उत्पन्न स्थिति नियन्त्रण गर्ने क्रममा नेपाल सरकारले अन्तर्राष्ट्रिय मानवीय सहयोग वा अन्य बाह्य सहयोग परिचालन गरेको अवस्थामा नगरपालिकाले नेपाल सरकारको निर्देशनमा रही तत्सम्बन्धी कार्यमा सहयोग र समन्वय गर्नेछ ।

(३) छिमेकी स्थानीय तहमा कुनै विपद् उत्पन्न भई सो व्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै, जिल्ला समितिमार्फत वा प्रदेश सरकारमार्फत अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग प्रदान गरिनेछ ।

(४) यो नगरपालिकाभित्र कुनै सरुवा वा संक्रामक रोग देखा परेमा वा यो नगरपालिकामा देखिएको विपद्ले अर्को ठाउँमा पनि प्रभाव पार्न सक्ने देखिएमा त्यस्तो अवस्थाको जानकारी सक्दो चाँडो छिमेकी गाउँ तथा नगरपालिकाहरु, प्रदेश सरकार तथा नेपाल सरकारको सम्बद्ध मंत्रालय तथा निकायलाई दिई आपसी सहयोग र समन्वय विस्तार गरिनेछ ।

**१८. तत्काल खरिद तथा निर्माण गर्न र अरुको सामान वा साधन प्रयोग गर्न सकिने**

(१) विशेष परिस्थिति परी विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिदसम्बन्धी प्रचलित कानूनमा रहेको विशेष परिस्थितिमा खरिद गर्नेसम्बन्धी व्यवस्थाबमोजिम नगर कार्यपालिकाले खरिद वा निर्माण कार्य गर्न सक्नेछ ।

(२) विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि नगरपालिका क्षेत्रभित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघसंस्था र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी नगर कार्यपालिकाले तोकिएको अवधिभरका लागि अस्थायी तवरले प्राप्त गर्न सक्नेछ ।

(३) विपद्बाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन नगरपालिका क्षेत्रभित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघसंस्था र व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधि वा अन्य वस्तु आवश्यक भएमा सोको अभिलेख राखी नगर कार्यपालिकाले नियन्त्रणमा लिन र सम्बन्धित प्रभावित पक्षलाई वितरण गर्न सकिने छ ।

(४) नगर कार्यपालिकाले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रुपमा प्राप्त गरेमा वा उपदफा (३) बमोजिम कुनै बस्तु नियन्त्रणमा लिई वितरण गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा वस्तु उपभोग गरेबापत त्यस्तो बस्तुको सट्टाभर्ना दिने वा प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ ।

**१९. राहतको न्यूनतम मापदण्डसम्बन्धी व्यवस्था**

(१) विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउने राहतको अतिरिक्त नगरपालिकाले आन्तरिक स्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले विपद् प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा मापदण्ड बनाई सोको आधारमा राहत उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिमको राहतको मापदण्डमा अन्य विषयका अतिरिक्त देहायका विषय समावेश भएको हुनु पर्नेछ-

(क) विपद्बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाइसम्बन्धी;

(ख) विपद्बाट मृत्यु हुने व्यक्तिको परिवार तथा सम्पत्तिको क्षति भएको व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहतसम्बन्धी;

(ग) महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता सम्बोधनका लागि विशेष राहत प्याकेजहरु (जस्तै डिग्निटी किट तथा चिल्ड्रेन किट) तथा महिलाहरुका लागि सुरक्षित महिला-मैत्री स्थल;

(घ) व्यक्तिगत गोपनीयता तथा सुरक्षासम्बन्धी;

(ङ) न्यूनतम राहतबाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जनसम्बन्धी;

(च) गैरसरकारी वा व्यक्तिगत रुपमा दिइने राहत वितरणसम्बन्धी;

(छ) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्बन्धी; र

(ज) राहतसँगसम्बन्धित अन्य उपयुक्त विषय ।

(४) राहत उपलब्ध गराउँदा नगरपालिकाले विपद्को प्रकृति तथा प्रभावित व्यक्ति वा परिवारको अवस्था मूल्याङ्कन गरेर निःशुल्क वा सहुलियत मूल्यमा आवश्यक वस्तुहरु उपलब्ध गराउन सक्नेछ ।

तर यसरी कसैलाई सहुलियत मूल्यमा र कसैलाई निशुल्क राहत प्रदान गर्दा नगरपालिकाले स्पष्ट आधारमा राहत पाउने व्यक्ति वा परिवारको वर्गीकरण गर्नु पर्नेछ ।

**२०.विपद्मा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमा**

विपद्मा परी हराई फेला पर्न नसकेका तथा आंशिक वा पूर्ण रुपमा क्षति भएका नगरपालिकाका महत्वपूर्ण कागजातहरुको प्रमाणीकरण तथा प्रतिलिपि उपलब्ध गराउनेसम्बन्धी व्यवस्था प्रचलित कानूनले तोकेबमोजिम हुने छ ।

**२१.निर्देशन दिन सक्ने**

नगर विपद् व्यवस्थापन समितिले यो ऐनको अधीनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

**२२. उपसमिति गठन गर्न सक्ने**

(१) यो ऐन अन्तर्गत गठित समितिहरुले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्यविधि उपसमिति गठन गर्दाका बखत तोकिएबमोजिम हुने छ ।

(२) उपसमितिले गर्ने कामको सिलसिलामा कुनै खर्च हुने भएमा सम्बन्धित समितिले आफ्नो बजेटबाट छुट्याइदिएको रकमको सीमाभित्र रहेर गर्नु पर्दछ ।

**२३. अभिलेख राख्नु पर्ने**

(१) समितिले विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम र उपलब्ध गराइएको राहत तथा सोको परिमाणसहितको विवरणको अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण राख्दा विपद्मा परेका महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरु, विपद्का कारण स्थानान्तरण वा विस्थापित भएका घरपरिवार लगायतका संख्या यकिन हुने विवरण र उनीहरुलाई उपलब्ध गराईएको राहत स्पष्ट रुपमा राख्नु पर्नेछ ।

**२४. अपराध तथा सजाय**

(१) संघीय कानून अनुरुप हुनेमा बाहेक कसैले यो ऐन बमोजिम गर्नु पर्ने कार्य नगरेको वा नगर्नु पर्ने कार्य गरेको पाइएमा नगर विपद् व्यवस्थापन समितिले स्पष्टीकरण सोधी उपयुक्तता अनुसार विपद् व्यवस्थापनसँग सम्बन्धित तोकिएको दायित्वबाट बञ्चित गर्न वा उपलब्ध गराएको कुनै सुविधाबाट बञ्चित गर्न वा त्यस्तो जिम्मेवारी वा सुविधा नगर कार्यपालिकाको निर्णय अनुरुप प्राप्त गरेको भए त्यसको लागि नगर कार्यपालिकामा सिफारिश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिश भइआएको खण्डमा गर्नु पर्ने कार्य नगर्ने वा नगर्नु पर्ने कार्य गरेको ठहरेमा त्यस्तो गर्ने व्यक्ति, संस्था वा निकायलाई नगर कार्यपालिकाले औचित्य हेरी आफूले प्रदान गरिरहेको सुविधाबाट बञ्चित गर्न सक्नेछ ।

(३) कसैले यो ऐन प्रतिकूल गरेको कुनै कार्यबाटप्रचलित नेपाल कानूनको समेत उल्लंघन हुन गएकोमा उपदफा (१) वा (२) बमोजिम कारवाही गर्दैमासो कानून बमोजिम छुट्टै मुद्दा चलाउन बाधा पर्ने छैन ।

**२५. सम्मान तथा पुरस्कार दिन सक्ने**

स्थानीय विपद् व्यवस्थापनसम्बन्धमा उत्कृष्ट वा विशेष योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरुप नगर विपद् व्यवस्थापन समितिको सिफारिशमा नगर कार्यपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ ।

**२६. वार्षिक प्रतिवेदन**

(१) समितिले प्रत्येक आर्थिक वर्षमा गरेका कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार पारी नगर कार्यपालिकामार्फत नगर सभा, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समितिसमक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्नेछ ।

**२७. प्रशासनिक खर्च व्यवस्थापन**

समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यसँग सम्बन्धित न्यूनतम प्रशासनिक खर्च नगर कार्यपालिकाले व्यवस्था गर्नेछ ।

**२८. अधिकार प्रत्यायोजन**

यो ऐन तथा यसअन्तर्गत बनेको नियम बमोजिम समितिलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार सम्बन्धित समितिको निर्णयले समितिका संयोजक तथा तोकिएको पदाधिकारीलाई प्रत्यायोजन गर्न सकिनेछ ।

**२९. नियम तथा कार्यविधि बनाउने अधिकार :**

नगर कार्यपालिकाले यो ऐन कार्यान्वयनको लागि आवश्यक नियम, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

प्रमाणिकरण मिति २०७६/१२/